दैनिक विपद् बुलेटिन

असार ५ विहान १०:०० बजे देखि ६ असार विहान १०:०० बजेसम्म

घटना संख्या	मृत्यु संख्या	हराएको	घाइते	अनुमानित क्षति	सडक अवरोध	चौपाया क्षति
२१	१	०	४	रु. ७१,८०,३००	३	२२

घट्ना सारांश

घटना	जिल्ला	घटना विवरण/संख्या	मृतक	बेपत्ता	घाईते	प्रतिकार्य
बाढी	सुनसरी	बराहक्षेत्र न.पा.- १ बगुवा स्थित **धरान-चतरा भित्री सडक खण्डमा** गुडीरहेको एक अटो बाघ **खोला तर्ने क्रममा बगाउँदा** टेम्पोमा सवार वर्ष १७ की **एक किशोरी मृत** अवस्थामा फेला र वर्ष १८ की **एक किशोरी घाईते** ।	१	०	१	ई.प्र.का. चतराको टोली खटिई गएको ।
	झापा	अविरल बर्षा पछि रतुवा खोलामा आएको **बाढी**को कारण दमक न.पा.- ७ रेडक्रस भवन पछाडी खोला किनार नजिक रहेको बस्तीमा कटान गर्दा एक घरको टाँटी बेरा बगाएको ।	०	०	०	-
	कास्की	माछापुछ्रे गा.पा.- २ सार्दिखोला स्थित क्षेत्रदीप ट्राउड माछा फर्मको ३ वटा माछा पोखरीमा अविरल बर्षातको कारण **बाढी** पसी **२ लाख ७५ हजार रुपैंया** बराबरको क्षति ।	०	०	०	प्र.चौ. सार्दिखोलाको टोली खटिई गएको ।
	लमजुङ्ग	सुन्दरबजार न.पा. ३ लामिखेत स्थित मध्य पहाडी लोकमार्गको भित्री बाटोको ठाडो खोलामा आएको **बाढी**ले पक्की पुल भत्किएको।	०	०	०	प्र.चौ. दुराडाडाको टोली खटिई गएको ।
पहिरो	लमजुङ्ग	अविरल बर्षाको कारण वेसिशहर न.पा.- ४ पुरनकोट स्थित एक घर पछाडिबाट **पहिरो** आई घर आंसिक क्षति हुँदा बर्ष ४५ का **एक पुरुष**, र ६० की **निजको आमा** र ७६ का **निजका बुबा घाईते** ।	०	०	३	घाईतेको नमुना सामुदायिक अस्पतालमा उपचार भईरहेको ।
	लमजुङ्ग	अविरल बर्षाको कारण सुन्दरबजार न.पा. वडा न. ११ भाँगु स्थित **पहिरो** आई एक गोठ पुरिदा १ वटा पशुको मृत्यु ।	०	०	०	-
	लमजुङ्ग	अविरल बर्षाको कारण राईनस न.पा.- १ वोराङखोला स्थित **पहिरो** आई एक घर चर्किएको ।	०	०	०	-
	लमजुङ्ग	अविरल बर्षाको कारण क्व्होलासोथार गा.पा.- १ बारलुङपानी स्थित **पहिरो** आई एक घरको पछाडी पट्टीको गाह्रो भत्किएको।	०	०	०	-
	लमजुङ्ग	अविरल बर्षाको कारण वेसिशहर न.पा.- २ चिसापानी स्थित **पहिरो** गई एक घर आंशिक क्षति र एक घर पूर्णरुपमा क्षति ।	०	०	०	-

	ताप्लेजुङ्ग	अबिरल बर्षाको कारण सिरीजंगा गा.पा.- ६ मामाङ्ले स्थित **पहिरो**का कारण ४ वटा घर, १ वटा विद्यालय र १ वटा गोठ भत्किदा **३७ लाख रुपैंया** बराबरको क्षति ।	०	०	०	प्र.चौ. याम्फुदिनको टोली खटिई गएको ।
	ताप्लेजुङ्ग	सिरीजंघा गा.पा.- ५ याङपाङ स्थित **पहिरो** आई एक घर पूर्णरुपमा भत्किई ८ वटा सुंगुरको मृत्यू, बाखाको खोर भत्किई ४ वटा बाखाको मृत्यू र एक गोठ भत्किई ३ वटा पशुको मृत्यू हुँदा **१६ लाख ७० हजार रुपैंया** बराबरको क्षति ।	०	०	०	ईप्रका तेल्लोकको टोली खटिई गएको ।
	धनकुटा	सागुरीगढी गा.पा.- १ झ्यामटेवर स्थित तमोर कोरिडोर सडक खण्डमा बर्षातको कारण वाटो माथिबाट **पहिरो** झरी **बाटो अवरोध** ।	०	०	०	प्र.चौ.मुलघाटको टोली खटिई गएको ।
	सुनसरी	बराहक्षेत्र न.पा.- १ पुलती खोला स्थित **चतरा-बराहक्षेत्र भित्री सडक खण्डमा** वर्षादको कारण **पहिरो** झरी **बाटो अबरुद्ध** ।	०	०	०	बाटो खुलाउन आवश्यक समन्वय भईरहेको ।
	तनहुँ	भानु न.पा.- ८ बलिफाँट स्थित **डुम्रे-वेशिसहर सडक खण्डमा** वर्षाको कारण सडक भासिँई **बाटो अवरोध** ।	०	०	०	प्र.चौ. पुर्कोटको टोली खटिई गएको ।
आगलागी	ताप्लेजुङ्ग	पाथिभरा याङबरक गा.पा.- ५ स्थित वडा कार्यालयमा बिधुत सर्ट भई **आगलागी** हुँदा कम्प्युटर, ल्यापटप, प्रिन्टर, LCD TV, फर्निचरको सामानहरु पूर्णरुपमा जली **९ लाख ५० हजार रुपैंया** बराबरको क्षति ।	०	०	०	स्थानीयको सहयोगमा आगो पूर्णरुपमा नियन्त्रण
	सुर्खेत	भेरीगंगा न.पा.- १ कोलडाँडा स्थित एक घरमा बच्चाहरु खेल्ने क्रममा घर र गोठमा **आगलागी** हुँदा **३ लाख ८५ हजार ३ सय रुपैंया** बराबरको क्षति ।	०	०	०	ई.प्र.का. छिन्चुको टोली र स्थानीयको सहयोगमा आगो पूर्णरुपमा नियन्त्रण।
	सुर्खेत	बराहताल गा.पा.- ८ दमारे जंगल स्थित रत्न राजमार्गमा गुडीरहेको एक अटो बिग्रिई सडक छेउमा पार्किङ्ग गरीराखेकोमा अचानक **आगलागी** हुँदा अटो पूर्णरुपमा जलि नष्ट ।	०	०	०	प्र.चौ. बाङ्गेसिमलको टोली खटिई गएको ।
	सुनसरी	ईनरुवा- ८ स्थित एक गाई गोठमा गुईठा बाली धुवा लगाएको आगोबाट **आगलागी** हुँदा १ वटा पशु सहित **२ लाख रुपैंया** बराबरको क्षति ।	०	०	०	प्रचौ डुम्राहाको टोली खटिई गएको ।
जङ्गल आगलागी	जुम्ला	चन्दननाथ न.पा.- २ भण्डारीवाडा सामुदायिक जङ्गलमा **आगलागी** ।	०	०	०	स्थानीयको सहयोगमा आगो नियन्त्रण ।
अबिरल वर्षा	तनहुँ	**अबिरल बर्षाको कारण** भानु न.पा.- १० दुधेकुना स्थित एक घर भएको जग्गा भासिई घर आंशिक क्षति ।	०	०	०	-
हावाहुरी	अछाम	अचानक आएको हावाहुरीका कारण मंगलसेन न.पा.- ५ मा रहेको सुर्योदय आधारभूत बिद्यालयको जस्तापाता उडाएको ।	०	०	०	प्रहरी चौकी मंगलसेनको टोली खटिई गएको ।
जम्मा संख्या	**१०**	**२१**	**१**	**०**	**४**	

विपद्का घटना सम्बन्धी सूचना र सन्देशका लागि www.twitter.com/ndrrma_Nepal र www.facebook.com/ndrrma/videos र www.youtube.com/NDRRMA मा जानुहोस् ।

२०७९ वैशाख १ देखि असार ६ गते सम्मका विपद्का प्रमुख घट्नाहरुको विवरण						
घटना	घटना संख्या	मृतक	वेपत्ता	घाईते	प्रभावित परिवार	अनुमानित क्षति रु.
पहिरो	३५	१०	०	९	४६	३३०८००००
बाढी	७	२	०	३	१०	३१८५०००
भारी बर्षा	१६	१	०	०	१४	४९६१८००
चट्याङ्ग	७०	२७	०	५३	९७	१३०३०००
सर्पदंश	५	३	०	३	५	०
आगलागी	४७२	१७	०	५९	५३९	४८६५११४६०
जङ्गल आगलागी	५२	१	०	२	२९	१२३८५०००
हावाहुरी	९१	८	०	३३	२५६	२५४११८००
जनावर आतंक	४२	१२	०	२४	५२	१४९१५००
जम्मा संख्या	**७९०**	**८१**	**०**	**१८६**	**१०४८**	**५६,८३,२९,५६०**

दैनिक वर्षा (Daily Precipitation) को सारांशः

असार ०५ गते बिहान ०८:४५ बजे देखि असार ०६ गते बिहान ०८:४५ बजे सम्मको वर्षा

आज मिति २०७९/०३/०६ गते बिहान ०८:४५ बजे २१३ वटा वर्षा मापन केन्द्रहरु (मानव सञ्चालित: ६७ र स्वचालितः १४६) मा मापन गरिएको गत २४ घण्टाको वर्षाको विवरण अनुसार १५१ वटा केन्द्रमा वर्षा भएको छ (नक्सा १)। उक्त केन्द्रहरु मध्ये सबैभन्दा बढी वर्षा (१५५.६ मि. मि.) ईलाम जिल्लाको कन्काई (मैनाचुली) केन्द्रमा भएको छ। वर्षा मापन गरिएका केन्द्रहरु मध्ये ४६ वटा केन्द्रमा १० मि.मि. भन्दा बढी, २३ वटा केन्द्रमा २५ मि.मि. भन्दा बढी, १३ वटा केन्द्रमा ५० मि.मि. भन्दा बढी, ३ वटा केन्द्रमा १०० मि.मि. भन्दा बढी र १ वटा केन्द्रमा १५० मि.मि. भन्दा बढी वर्षा भएको छ।



नक्सा १: असार ०५ गते बिहान ०८:४५ बजे देखि असार ०६ गते बिहान ०८:४५ बजे सम्मको २४ घण्टाको वर्षा (मि. मि.)

दैनिक न्यूनतम तापक्रम (Daily Minimum Temperature) र अधिकतम तापक्रम (Daily Maximum Temperature) को सारांशः



नक्सा २: असार ०५ गते बिहान ०८:४५ बजे देखि असार ०६ गते बिहान ०८:४५ बजे सम्मको २४ घण्टाको न्यूनतम तापक्रम (डिग्री सेल्सियस)



नक्सा ३: असार ०४ गते साँझ ०५:४५ बजे देखि असार ०५ गते साँझ ०५:४५ बजे सम्मको २४ घण्टाको अधिकतम तापक्रम (डिग्री सेल्सियस)

तालिका १: २०७९/०३/०६ गते बिहान ०८:४५ बजे मापन गरिएको गत २४ घण्टाको न्यूनतम तापक्रम र २०७९/०३/०५ गते साँझ ०५:४५ बजे मापन गरिएको गत २४ घण्टाको अधिकतम तापक्रमको विवरण।

तापक्रम (डि.से.)	न्यूनतम तापक्रम (केन्द्र संख्या)	अधिकतम तापक्रम (केन्द्र संख्या)
५ देखि १०	३	-
१० देखि १५	५	-
१५ देखि २०	१८	२
२० देखि २५	२६	७
२५ देखि ३०	११	१७
३० देखि ३५	-	३०
३५ देखि ४०	-	१०
जम्मा केन्द्र संख्या (वटा)	६३	६६
सबैभन्दा बढी/केन्द्र, जिल्ला	२७.० डि.से./गुलरिया, बर्दिया	३८.४ डि.से./खजुरा, बाँके
सबैभन्दा कम/केन्द्र, जिल्ला	७.६ डि.से./सिमीकोट, हुम्ला	१८.७ डि.से./सिमीकोट, हुम्ला

नोटः डि.से. = डिग्री सेल्सियस

वर्षा तथा जलवायु सम्बन्धी थप जानकारीको लागि www.dhm.gov.np/climate/मा हेर्नुहोस् ।